निर्णय नं. १

यस नगरपालिकाका निम्न अनुसारका वडाहरुमा खानेपानीको आपुर्तिको समस्याले गर्दा उक्त क्षेत्रका बासिन्दाहरुलाई समस्या परिरहेको हुँदा एवं यस नगरपालिकाको श्रोतबाट उक्त स्थानहरुमा योजनाहरु निर्माण तथा कार्यान्वयन गर्नका लागि सम्भव नहुने भएको हुँदा उक्त योजनाहरु कार्यक्रममा समावेश गरी कार्यान्वयन गरिदिनका लागि श्री ग्रामीण खानेपानी तथा सरसफाई सुधार आयोजना भाग-२, आयोजना एकाई सिंहदरवार, काठमाडौंमा अनुरोध गरी पठाउने निर्णय गरियो।

निम्न

| सि.नं. | योजनाको नाम | संचालन हुने वडा नं. |
|---|---|---|
| १ | कुन्छा खानेपानी आयोजना | १ |
| २ | सिमलबोट खानेपानी आयोजना | २ |
| ३ | सिम्ले जामुने खानेपानी आयोजना | ४ |
| ४ | औसेलुचौर लामागाँउ खानेपानी आयोजना | ६ |
| ५ | तार्कुटार खानेपानी आयोजना | ७ |
| ६ | लसुनेखोला खानेपानी आयोजना | ९ |
| ७ | बाँसपानी कानेश्वारा खानेपानी आयोजना | १० |
| ८ | भाँगु कालिका खानेपानी आयोजना | ११ |

निर्णय नं. २

यस नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७४/०४/२३ गतेको वैठकको निर्णय अनुसार नगरपालिकाका प्रमुख, उप प्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत र अन्य कर्मचारीहरुलाई आ.व. २०७४/०७५ को लागि प्रदान गरिँदै आईएको सेवा र सुविधा आर्थिक वर्ष २०७५/०७६ मा पनि यथावत रुपमा उपलब्ध गराउने निर्णय गरियो। यसरी उपलब्ध गराउँदा प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्यहरु लाई गण्डकी प्रदेश सरकारबाट जारी भएको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ अनुसार प्रदान गरिएको सेवा सुविधामा दोहोरो नपर्ने गरी प्रदान गर्ने। उपरोक्त बमोजिम उपलब्ध गराउँदै आईएको ईन्धन सुविधाको हकमा सो को सट्टा वडाध्यक्षलाई यतायात खर्च स्वरुप रु.१५००।— र कार्यपालिका सदस्यलाई रु.१०००।- मासिक रुपमा उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ३

जिल्ला समन्वय समितिको कार्यालय लमजुङबाट प्राप्त हुने आएको च.नं. १६२१ मिति २०७५/०२/२२ को पत्र साथ प्राप्त भएको निर्माण व्यवसायीको इजाजत सम्बन्धी सम्बद्ध फाइलहरु अनुसार आ.व. २०७५/०७६ मा निर्माण व्यवसायीको इजाजत पत्र नवीकरण गर्दा नवीकरण दस्तुर वापत रु.३०००।— रकम लिईएको विषय आजको वैठकमा पेश भई जानकारी भयो। सो अनुसार नवीकरण दस्तुर वापत लिईएको रु.३०००।— रकमलाई समर्थन गरी कार्यान्वयन गर्ने र आगामी नगर सभाबाट अनुमोदन गराउने निर्णय गरियो।

निर्णय नं. ४

यस नगरपालिका अन्तर्गतका वडाहरुको संचालन र व्यवस्थापनका लागि निम्न अनुसारको शीर्षकहरुमा खर्च गर्ने गरी देहाय बमोजिमका शर्तहरुको अधीनमा रही मासिक रुपमा अधिकतम रु.१०,०००।— का दरले वडा संचालन खर्च वडा समितिको निर्णय, विल, भर्पाई आदि कागजातहरुको आधारमा उपलब्ध गराउने निर्णय गरियो।

निम्नः

क) बिजुली, पानी, टेलिफोन,

ख) वडा समितिको बैठक खाजा खर्च,
ग) कार्यालयको सामान, स्टेशनरी तथा मसलन्द खर्च,
घ) अतिथि सत्कार खर्च,
ङ) वडा कार्यालय चियापान खर्च,
च) मोटरसाइकल मर्मत खर्च,
छ) वडा समितिले निर्णय गरे अनुसारको अन्य आकष्मिक महत्वपूर्ण खर्च।

देहायः

क) वडा समितिको बैठकमा सहभागी हुने कार्यपालिकाको सदस्यलाई वडा अध्यक्ष र वडा सदस्यले पाए सरहको बैठक भत्ता उपलब्ध गराउने।

ख) वडा समितिको बैठकमा सहभागी हुने वडा सचिवलाई प्रति बैठक रु.१०००।-, सामाजिक परिचालकलाई रु.५००।— र कार्यालय सहयोगीलाई रु.३००।— का दरले नियमानुसारको कर कट्टी गरी बैठक भत्ता उपलब्ध गराउने।

ग) वडा समितिको प्रत्येक बैठकमा बढीमा ९ जनाको लागि प्रति व्यक्ति रु.१५०।— का दरले बैठक खाजा खर्च स्वरुप उपलब्ध गराउने।

घ) वडाले आफूलाई प्राप्त भएको मर्मत संभार शीर्षकको रकमबाट निर्माण सामाग्री सहयोग कार्यक्रम अन्तर्गत आफ्नो वडाको कुनै पनि मर्मत संभार कार्य गर्दा गराउँदा अनिवार्य रुपमा लागत ईष्टिमेट तयार र स्वीकृति गरेर मात्र कार्यान्वयन गर्ने गराउने।

ङ) प्रत्येक वडाले आफ्नो खर्चको रकम भुक्तानी माग गर्दा सम्बद्ध निर्णय, कागजात, बिल, भर्पाई, खरिद आदेश, दाखिला, मर्मत आदेश, स्वीकृत ल.ई. आदि संलग्न गरी लगत्तैको अर्को महिनाको ७ गते भित्र नगरकार्यपालिकाको कार्यालयमा पेश गरिसक्ने। त्यसरी प्राप्त भएपछि कार्यालयले बजेट निकासा, मौज्दात अवस्थाको आधारमा नियमानुसार भुक्तानी खर्च लेख्ने।

च) जुन महिनामा खर्च भएको हो सो भन्दा लगत्तैको पछिल्लो महिनाको ७ गते भित्र पेश नभएमा बढीमा अर्को एक महिना सम्मको अवधीमा वडाले आफ्नो संचालन खर्चको भुक्तानीको लागि सम्बद्ध कागजातहरु संलग्न गरी नगर कार्यपालिकाको कार्यालयमा अनिवार्य रुपमा पेश गरिसक्नुपर्नेछ।

निर्णय नं. ५

यस कार्यालयबाट मिति २०७५/०५/१७ मा प्रकाशित सवारी साधन जीप र मोटरसाइकल खरिद सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना अनुसार E-Bidding मार्फत पेश हुन आएका शिलबन्दी बोलपत्रहरुको मुल्यांकन गरी राय पेश गर्नको लागि सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन समेत) को नियम १४७ अनुसार देहाय बमोजिमको मुल्यांकन समिति गठन गर्ने निर्णय गरियो।

देहायः

| सि.नं. | नाम थर | पद | कार्यरत कार्यालय | समितिको पद | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री प्रेमराज गिरी | प्र.प्र.अ. | सुन्दरबजार नगर कार्यापालिकाको कार्यालय | संयोजक | |
| २ | श्री प्रकाश थापा मगर | लेखा अधिकृत | सुन्दरबजार नगर कार्यापालिकाको कार्यालय | सदस्य | |
| ३ | श्री नगेन्द्र थापा | मेकानिकल ईञ्जिनियर | यान्त्रिक कार्यालय, डुम्रे | विज्ञ सदस्य | |
| ४ | श्री जितेन्द्र अधिकारी | शाखा अधिकृत | सुन्दरबजार नगर कार्यापालिकाको कार्यालय | सदस्य | |
| ५ | श्री रामचन्द्र सेढाई | बागवानी बिकास अधिकृत( खरिद | सुन्दरबजार नगर कार्यापालिकाको कार्यालय | सदस्य | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | इकाई संयोजक) | (कृषि विकास शाखा) | | |
| ६ | ई. श्री जीवन थापा | ईञ्जिनियर | सुन्दरबजार नगर कार्यापालिकाको कार्यालय (प्राविधिक शाखा) | सदस्य | |

उल्लेखित समितिमा खरिद कार्यको कागजात तयारीमा संलग्न हुनुभएका सूचना प्रविधि अधिकृत श्री अमृत आचार्य, ना.सु. श्री हुमनाथ पौडेल र लेखापाल श्री श्याम बहादुर पराजुलीलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्ने र ना. सु. श्री दीपेन्द्र पण्डितले समितिको सदस्य सचिवको कार्य गर्ने गरी जिम्मेवारी प्रदान गर्ने।

**निर्णय नं. ६**

सुन्दरबजार नगरपालिका वडा नं. ४ (साविक दुराडाँडा गा.वि.स.) कार्यालयमा कार्यरत कार्यालय सहयोगी श्री किनुमाया भुजेलले आफू स्थायी रुपमा कर्यरत रहेको भएपनि आफूले नेपाल सरकारबाट तोकिए बमोजिमको तलब स्केल र पोशाक भत्ता प्राप्त नगरेको हुँदा उपलब्ध गराई पाउन मिति २०७५/०१/०९ मा निवेदन दिनु भएको विषयमा छलफल भयो। निजको माग अनुसार निज स्थायी कर्मचारीको रुपमा कार्यरत रहेको हुँदा निजलाई २०७५ श्रावण १ गते देखि लागू हुने गरी नेपाल सरकारको प्रचलित तलब स्केल र पोशाक सुविधा उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ७**

गत २०७५ साल श्रावण र भाद्र महिनामा आएको अविरल बर्षाको कारण यस नगरपालिकाको विभिन्न वडा र वस्तीहरुका सडकहरुमा पुगेको क्षति र आएको पहिरोले विभिन्न व्यक्तिहरुको निजी आवासमा पुर्याएको क्षतिलाई तत्काल उद्दार र राहतका लागि श्रीमान नगर प्रमुख ज्यूको निर्देशन अनुसार वडा अध्यक्ष र वडा कार्यालयहरुले आफ्नो नेतृत्त्वमा तत्काल प्राविधिक कर्मचारीहरुबाट लागत ईष्टिमेट तयार गरी प्रक्रियागत रुपमा वडा नं.२ र वडा नं.६ ले सम्पन्न गरेको सडक मर्मत तथा विपद व्यवस्थापन खर्च बापतको रकमलाई प्राविधिक लागत ईष्टिमेट, विल भर्पाई, वडा समितिको निर्णय सिफारिस र तस्वीर समेतका कागजातको आधारमा आ.व. २०७५/०७६ को स्वीकृत मर्मत संभार शीर्षकमा विनियोजित बजेट रकमबाट भुक्तानी उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ८**

मिति २०७५/०६/१२ गते सुन्दरबजार नगरपालिका वडा नं. ५ र ६ का विश्वामित्र अधिकारी सहित ५२ जना स्थानीय बासिन्दाले नगर प्रमुख ज्यूलाई सम्बोधन गरी पेश गरेको निवेदन आजको बैठकमा पेश भई व्यापक छलफल भयो। सो निवेदनमा उठाइएका विषयबस्तुलाई सम्बोधन गरी नगरपालिकाले लिनुपर्ने निर्णयका सम्बन्धमा स्थलगत निरीक्षण गरी ठोस राय सुझाव सहितको प्रतिवेदन सात दिन भित्र नगर प्रमुख ज्यू समक्ष पेश गर्न निम्नानुसारको कार्यदल गठन गर्ने निर्णय गरियो।

**निम्न:**

| सि.नं. | नाम थर | पद | कार्यदलमा रहने पद | कैफियत |
|---|---|---|---|---|
| १ | श्री कृष्ण कान्त अधिकारी | वडाध्यक्ष, वडा नं.-८ | संयोजक | |
| २ | श्री रघुनाथ मिश्र | वडाध्यक्ष, वडा नं.-६ | सदस्य | |
| ३ | श्री ललित गुरुङ | वडाध्यक्ष, वडा नं.-५ | सदस्य | |
| ४ | श्री जगत बहादुर खड्का | का.वा. वडाध्यक्ष, वडा नं. २ | सदस्य | |
| ५ | श्री शान्ता भूजेल | नगर कार्यपालिका सदस्य | सदस्य | |
| ६ | श्री भवानी के.सी. | नगर कार्यपालिका सदस्य | सदस्य | |
| ७ | ई. श्री जीवन थापा | ईञ्जिनियर | सदस्य सचिव | |

उपरोक्तानुसार प्रतिवेदन पेश भई सो सम्बन्धमा कुनै निर्णय नहुञ्जेलसम्म तार्कु खहरे, ग्याग्दी खोला र पाउँदीको संगम स्थल खत्रीठाँटी खहरेमा ढूंगा, गिटी, वालुवा उत्खनन र संकलनमा रोक लगाउने निर्णय गरियो। उल्लेखित अनुसार बन्देज लगाईएका क्रियाकलापहरु हुन नदिन वडा नं. २, ५, ६ र नगरपालिकाले समेत आवश्यक अनुगमन गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

यस नगरपालिका अन्तर्गत वडा नं. ६ र वडा नं. ८ को एरियामा रहेका सार्वजनिक शौचालयहरुमा सरसफाई गरिरहेका निम्नानुसारका कर्मचारीलाई आ.व. २०७५/०७६ को श्रावण महिना देखि निजहरुले खाईपाई आएको पारिश्रमिकमा रु.१०००।— थप गरी प्रति महिना रु.२०००।— का दरले उपलब्ध गराउने निर्णय गरियो।

**निम्नः**

| सि.नं. | वडा नं. | नाम थर |
|---|---|---|
| १ | ६ | राम बहादुर कुमाल |
| २ | ८ | चीना परियार |